**बैठक नं. २६०(३)२०**

**मिति २०७८।०१।१७**

## निर्णय

१. सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को संशोधन मस्यौदा तर्जुमा गरी पेश गर्न गठित समितिले पेश गरेको प्रस्तावित मस्यौदा आयोगलाई जानकारी भयो । प्रस्तावित मस्यौदामा राय सुझाव सहित अर्को बैठकमा छलफल गर्ने निर्णय भयो ।

२. कोभिड १९ को संक्रमण बढ्दै गएको र नेपाल सरकारले केही जिल्लाहरुमा निषेधाज्ञा जारी गरेको तथा सबैको स्वास्थ्य सुरक्षालाई समेत ध्यानमा राखी यस बर्षको आयोग स्थापना दिवसमा कुनै औपचारिक समारोह कार्यक्रम गर्न समय उपयुक्त नभएको हुँदा कुनै औपचारिक कार्यक्रम नगर्ने निर्णय गरियो ।

३. आयोगको १४ औं स्थापना दिवसको अवसरमा प्रदान गरिने पुरस्कृत हुनेहरूको नामावली छनौट समितिका संयोजक तथा आयोगका सचिवले आयोगमा सिफारिस पेश गर्नु भयो । प्राप्त पुरस्कृतहरुको नामावली आयोगले स्वीकृत गर्‍यो ।

४. ICIC को निर्वाचनका लागि अनलाईन भोटिङ्ग शुरु भैसकेको । मतदान गर्ने समय मे ६ सम्म अन्तिम मिति रहेको । यस सम्बन्धमा आवश्यक निर्देशनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा निर्देशनका लागि लेखि पठाइसकेकोमा उक्त मन्त्रालयबाट लेखी आए बमोजिम समयमा नै मतदान गर्ने निर्णय भयो ।

५. यस बर्षको आयोगको बार्षिक प्रतिवेदनको तयारी सचिवालयबाट समयमै प्रारम्भ गर्नको लागि आयोगबाट सचिवालयलाई निर्देशन दिने ।

६. National Democracy Institute सँग सहकार्य गर्दै जाने निर्णय भयो ।

विविध

(क) कोभिड १९ का सन्दर्भमा यस आयोगबाट गत बर्ष विभिन्न मितिमा पटक पटक निर्देशन जारी गरेको थियो । यस बर्ष पनि कोभिड महामारीको दोस्रो लहर शुरु भएको र यसबाट सर्वसाधरण नागरिकमा असर पर्ने हुँदा गत बर्ष भएका निर्देशनहरुको ध्यानाकर्षण गराउँदै सो सम्बन्धमा पुनः आयोगबाट संक्षिप्त आदेश गर्ने निर्णय भयो ।

(ख) आयोगबाट प्रकाशित हुने बुलेटिनलाई साविकको समितिबाट नै व्यवस्थित गर्ने ।

(ग) यस आयोगका पूर्व सचिव श्री मुकुन्द प्रसाद पौड्यालले यस आयोगमा पुर्‍याउनु भएको योगदानको कदर गर्दै धन्यवाद दिने र हाल सरुवा भई आउनु भएका सचिव श्री भगिरथ पाण्डेयलाई स्वागत गर्ने ।